# सुर्मा गाउँपालिका

**दौलिचौर, बझाङ्ग**

आ.व. २०७९।८०

# नीति तथा कार्यक्रम

**प्रमाणित मिती: २०७९।०३।१०**

MI NOTE 10 LITE
AI QUAD CAMERA

## सुर्मा गाउँपालिका आ व २०७९/८० को नीति तथा कार्यक्रम

सुर्मा गाउँपालिकाका अध्यक्ष महोदय,

सम्पुर्ण गाउँसभा सदस्य,

प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत सम्पुर्ण कर्मचारीहरु, पत्रकार मित्र, सुरक्षाकर्मी तथा उपस्थित सम्पुर्ण महानुभावहरु

नेपालको सविधान २०७२ बमोजिम स्थानीय तहको दोस्रो पटकको निर्वाचनबाट निर्वाचित पदाधिकारी ज्युहरु माझ आ व २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेकी छु । नेपालमा सघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि २००७ सालदेखि हालसम्म आफ्नो जीवन उत्सर्ग गर्ने वीर शहिदहरु प्रति भावपुर्ण श्रध्दाञ्जली अर्पण गर्न चाहान्छु ।

यस पावन अवसरमा आदरणीय सुर्मावासी सम्पुर्ण महानुभावहरुमा म हृदयदेखि नै धन्यवाद तथा हार्दिक स्वागत गर्न चाहान्छु ।

अध्यक्ष महोदय, पार्शद सदस्य र अन्य उपस्थित महानुभावहरु

नेपालको सविधानले परिकल्पना गरेको ३ तहको सरकार अन्तर्गत स्थानीय सरकार जनताको सवैभन्दा नजिकको र जनताले बढी आसा र आकाँक्षा राख्ने निकाय हो ।जनताको सहभागीतामा उहाँहरुको चाहाना र आवश्यकतालाई केन्द्रविन्दुमा राखेर यो नीति तर्जुमा गरेको छ । स्थानीय तहको एकल र साझा अधिकार सुची स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य क्षेत्रगत नीति तथा कानुनहरुको अधिनमा रही जनता जनार्जनको मान्यताबाट यो नीति तर्जुमा गरेको छ ।

**नीति तर्जुमाको चरणमा देहायका विषयहरुलाई आधारको रुपमा लिएको छः**

- नेपालको सविधानमा अन्तर्निहित व्यवस्थाहरु
- स्थानीय सरकार सञ्चालन ऐन
- पन्धौं योजना
- नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम
- नेपाल सरकारको आ व २०७९/८० को वजेट
- सुदुरपश्चिम प्रदेश सरकारको आ व २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र वजेट
- सुर्मा गाउँपालिकाका आम नागरिकहरुको आकांक्षा
- निर्वाचनको वेला आम नागरिक समक्ष व्यक्त गरिएका प्रतिवद्धताहरु

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA

- नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु

**यस आर्थिक वर्षको नीति तथा कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छनः**

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने
- राजश्व परिचालनमा योगदान पुर्याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको आधारमा गरिने विकास
- लैङ्गिक समानता सामाजिक समावेशीकरणमा योगदान दिने
- सेवा प्रवाह संस्थागत क्षमता अभिवृद्धि गर्ने
- दिगो विकास वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान दिने
- स्थानीय श्रम, सीप, प्रविधी र स्रोत साधनको अधिकतम परिचालनमा आधारित

अव म आ. व २०७८/७९ मा गाउँपालिकाले हासिल गरेका महत्वपुर्ण उपलब्धिहरुको वारेमा यस सभामा पेश गर्ने अनुमति चाहान्छु ।

- जननिर्वाचित पदाधिकारीहरु गाउँपालिकामा कार्यरत कर्मचारी मित्रहरु लगायत सम्पुर्ण गाउँपालिकावासीहरुको सहयोगमा अधिकाँश वस्तीहरुमा सडक यातायातको पहुच स्थापना भएको छ ।
- यसै वर्ष गाउँपालिकालाइ पुर्ण साक्षर गाउँपालिका घोषणा भएको छ ।
- विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को रोकथामको लागि ९० प्रतिशत भन्दा वढी नागरिकहरुमा खोपको मात्रा पुगेको छ साथै पुर्णखोप युक्त गाउँपालिका घोषणा भएको छ ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्ति भई डीपीआर कार्य अगाडी बढेको छ ।
- वडा न ०२ र ०४ मा वडा भवनहरु निर्माणको अन्तिम चरणमा पुगेको छ ।
- कृषिको आधुनिकिकरण र व्यवसायिकरणको लागी कृषकहरुलाई उन्नत वीउ विजन र टर्नेल हाउसहरु वितरण गरिएको छ ।
- अधिकाश वस्ती र घरहरुमा आधारभुत खानेपानीको पहुँच स्थापना भएको छ ।

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA

- गाउँपालिकामा उद्योग व्यवसाय स्थापना गर्ने औद्योगिक ग्राम स्थापना भएको छ ।
- ५ शैयाको आधारभुत हस्पिटल निर्माण प्रक्रिया अगाडि बढेको छ ।

अव म यस सम्मानित गाउँसभामा आ व २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**क) कृषि तथा पशुपालन**

- यस गाउँपालिकाको प्रमुख पेशा र रोजगारीको सम्भावना रहेको र छिटो प्रतिफल दिने क्षेत्र समेत भएकोले कृषि क्षेत्रको व्यावसायिकरण,विविधीकरण, वजारीकरण, उत्पादनमा वृद्धि मार्फत यस क्षेत्रलाइ समृद्ध गाउँपालिका निर्माणको प्रमुख आधारको रुपमा विकास गरिने छ ।
- यसको लागी नयाँ विउ विजन, नयाँ प्राविधिक ज्ञान, सिंचाइको सुविधा, पकेट क्षेत्रहरुको स्थापना, उत्पादनको भण्डार र बजारीकरणको उचित प्रवन्ध गरिनेछ ।
- यस आर्थिक वर्षमा उन्नत जातका दाँते ओखर,किवि, स्याउ, नास्पाती, कागतीका वोटहरु वितरण मार्फत उत्पादन वृद्धिमा जोड दिइने छ ।
- व्यावसायिक रुपमा वाख्रा पालन, वगुर पालन, कुखुरा पालन र बजारीकरणमा जोड दिइने छ ।
- विशेष गरी चुलेआरु खेतीलाई प्राथमिकता दिई यसबाट तेल समेत उत्पादन गर्ने नीति अवलम्वन गरिने छ ।
- चिया,कफी विरुवा रोपणका लागि विज्ञद्वारा माटो तथा जलवायु परीक्षण गरीने छ र उपयुक्त ठहरिएको स्थानमा यसको व्यावसायिक उत्पादनमा जोड दिइने छ ।
- युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरिनेछ र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन र साना व्यवसाय गर्न सहयोग गरिनेछ ।
- तरकारी र फलफुल भण्डारण गर्ने कोल्ड स्टोर निर्माणको प्रक्रिया अगाडी बढाइने छ ।
- कृत्रिम गर्भाधान मार्फत उन्नत जातका पशु उत्पादनमा जोड दिइने छ ।
- उन्नत जातका वोकाहरु वितरण गरी बाख्रा पालन व्यवसायको आधुनिकीकरण र व्यावसायिकरणमा जोड दिइने छ ।
- ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर लगायत अन्य मेसिनरी औजारहरु उपलब्ध गराइने छ ।
- कृषि तथा उद्मशीलता साझेदारी विकास कार्यक्रम साझेदारी रुपमा अगाडि बढाउने नीति अवलम्वन गरिने छ ।

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA

ख) उद्योग सम्बन्धी नीति

- परम्परागत एवं साना उद्योग धन्दाहरुको स्थापनामा जोड दिइने छ ।
- स्थानीय श्रम सीप कच्चा पदार्थ र वजारको प्रयोग मार्फत रोजगारीमा वृद्धि गरिने छ ।
- स्थानीय स्तरमा उपलब्ध सिस्नो ,आलु, सावुन,नमकिन,वाँको, पिडालु ,कर्कलोको उत्पादनमा जोड दिइने छ ।
- यस क्षेत्रमा न्युन संख्यामा रहेका उद्योग तथा रोजगारीका अन्य अवसरहरुलाई व्यापक खोजी गरी सम्भावना रहेका काष्ठ उद्योग पशुपालन उद्योग लगायत अन्य उद्योगहरु स्थापनामा सहयोग गरिनेछ ।
- ढटेलो उत्पादनमा जोड दिइ यसको तेल उत्पादन गर्न वडामा मिल स्थापना गरिने छ ।
- परम्परागत रुपमा उत्पादन गरिदै आएको आल्लो, भाङ्गोको उत्पादनमा वृद्धि गराइ स्थानीय स्तरमै लुगा कपडा उत्पादनमा विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- सिप सिकौं उद्दमी बनौं नारालाई साकार पार्न महिला, दलित, विपन्न, सीमान्तकृत, वेरोजगार र कोरोना प्रभावितहरुलाई व्यावसायिक सीपमुलमक र रोजगारमुलक तालिम सहित उद्मशिलतामा सहयोग पुर्याइने छ ।

ग) पर्यटन क्षेत्र

- पर्यटकीय क्षेत्रहरूको रुपमा रहेका सुर्मा ताल चाँदे शिखर सुर्मादेवी मन्दिरको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रचारप्रसार गरिनेछ । साथै डोगडी तातोपानीलाई सँरक्षण गरी स्नानगृह निर्माण गरिने छ ।
- पर्यटन क्षेत्रको पुर्वाधार स्थापना गरिनेछ । बाटोघाटोको व्यवस्था, सञ्चारको भरपर्दो प्रबन्ध, पर्यटक गाइडको व्यवस्था, होटलको स्थापनामा जोड दिइने छ ।
- परम्परागत रितिरीवाज चालचलन भेषभुषाहरुको संरक्षण र प्रचारप्रसारमा जोड दिइने छ ।
- पर्यटन क्षेत्रको विकास र प्रवर्धनको लागि संघीय सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्यमा जोड दिइने छ ।

घ) शिक्षा क्षेत्र

- आधारभुत शिक्षा अनिवार्य र माध्यामिक शिक्षा निशुल्क हुने संवैधानिक व्यवस्था अनुरुप शिक्षा क्षेत्रमा सवैको पहुँच स्थापना गरिनेछ ।

डडक बहादुर बोहरा
अध्यक्ष

- व्यवहारिक, रोजगारमुलक, उत्पादनमुलक र आयआर्जनमुलक शिक्षा प्रणालीमा जोड दिईने छ प्राविधिक धारका विषयहरु पढाइमा जोड दिइने छ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिइने छ ।
- सुचना र प्रविधियुक्त शिक्षा प्रणालीमा जोड दिइने छ । र प्रत्येक विध्यालयमा तत्काल ईन्टरनेट र वाइफाइ जडान गरिने छ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाइ पेशा प्रति जिम्मेवार वनाइने नीति अवलम्वन गरिनेछ ।
- पठनपाठनका अतिरिक्त विद्यार्थीहरुको सर्वागीर्ण विकासमा जोड दिइने छ ।
- समयसमयमा शिक्षकहरुको क्षमता विकासका लागि तालिम प्रशिक्षणका कार्यक्रम सञ्चालन गरिने छ ।
- अभियानको रुपमा घरदैलो कार्यक्रम सञ्चालन गरी विद्यालय जान छुटेका वालवालिकाहरु भए विद्यालयको पहुँचमा ल्याइने छ ।
- शिक्षा क्षेत्रको विकास र प्रवर्धनको लागि सरोकारवालाहरुसँग नियमित रुपमा छलफल र सहकार्यमा जोड दिइने छ ।
- फरक क्षमता भएका वालवालिकाहरुलाइ वैकल्पिक माध्यामबाट शिक्षा प्रदान गरिने छ ।
- विद्यालय स्तरीय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालय स्तरीय प्रारम्भिक तह पढाई कार्यक्रम नियमित सञ्चालन गरिने छ।

**ङ) स्वास्थ्य क्षेत्र**

- स्वास्थ्य नै धन हो भन्ने कुरालाइ ध्यान दिदै सवै नागरिकहरुलाइ आधारभुत स्वास्थ्य सुविधाहरुमा पहुच उपलब्ध गराइने छ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाइ प्रभावकारी तथा गुणस्तरीय बनाउन विशेष जोड दिइने छ ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधार सुधारगरि सुविधासम्पन्न बनाइने छ । सरसफाइमा विशेष जोड दिइने छ ।
- वालविवाह न्युनीकरण र छाउपडी प्रथामा सुधार ल्याउन जनचेतनाको विकास विस्तारमा जोड दिइने छ र कानुनी कारवाहीको दायरामा ल्याइने छ ।
- पुर्ण सरसफाइको अवधारणा अनुसार एक चर्पी र सावुनपानीले हात धुने कार्यलाइ अभियानको रुपमा सञ्चालन गरिने छ ।
- धुम्रपान र मध्यपानको प्रयोगलाइ निरुत्साहित गर्ने नीति अवलम्वन गरिने छ ।

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA

- गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको वर्षमा एकपटक निशुल्क स्वास्थ्य जाच गरिने छ ।
- स्थानीय पौष्टिक वस्तुहरुको उत्पादन र प्रयोग मार्फत स्वास्थ्यमा सुधार र कुपोषण नियन्त्रण गरिने छ ।
- गाउँपालिका भित्र विरामीहरुको सहजताका लागि एम्वुलेन्स सुविधा उपलब्ध गराउन एम्वुलेन्स खरिद गरिने छ ।
- नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रमलाइ व्यवस्थित बनाउदै म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमलाई अगाडि बढाइने छ ।
- यसै आर्थिक वर्षभित्र ५ शैयाको आधारभुत अस्पतालको निर्माण कार्य अगाडि बढाइने छ ।
- बहुक्षेत्रीय पोषण (MSNP) अनुसार पालिकामा कार्यक्रम सञ्चालन गरिने छ ।

**च) खानेपानी तथा सरसफाई**

- आधारभुत खानेपानी तथा सरसफाईमा सवै नागरिकहरुको पहुच विस्तार गरिने छ ।
- खानेपानीको मुहान सरक्षण गर्न मुहान वरपर वृक्षारोपण गरिने छ ।
- खानेपानी आयोजनाहरुको नियमित अनुगमन मर्मत र सम्भार कार्यलाइ अगाडी बढाइने छ ।
- गाउँपालिका भित्रका वस्तीहरुमा एक धार एक शौचालयको नीतिलाइ कार्यान्वयनमा ल्याइने छ ।
- सार्वजनिक ठाउँमा शौचालयको निर्माण गरिने छ ।
- सम्पुर्ण खानेपानी मुहानको स्तर चेक गरी पिउन योग्य र स्तरीय खानेपानीबाट व्यावसायिक रुपमा मिनिरल वाटरको उत्पादन गरी बजारीकरण गरिने छ ।
- पुर्ण सरसफाईको सुनिश्चितताका लागि एक घर एक शौचालय निर्माण कार्य गरिने छ ।

**छ) युवा तथा खेलकुद**

- स्वस्थ तथा अनुशासित नागरिक समाजको सिर्जना गर्न खेलकुद विकासमा जोड दिइने छ ।
- गाउँपालिका अध्यक्ष कप प्रतियोगिता आयोजनालाइ निरन्तरता दिइने छ ।
- प्रत्येक वडा स्तरमा एक खेलमैदान निर्माण गरिने छ ।
- युवाहरुमा ज्ञान बढाउन सार्वजनिक पुस्तकालयको स्थापना गरिनेछ ।

खडक बहादुर वोहरा
गा.पा. अध्यक्ष

- युवाहरुमा रहेको ज्ञान सीप क्षमता र शक्तिलाइ गाउँपालिकाको सर्वाङ्गीर्ण विकासमा उपयोग गरिने छ ।
- गाउँमै रोजगारीका अवसरहरु सिर्जना गरी युवा वेरोजगारीलाई निराकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- युवाहरुलाई उनीहरुको रुचि र चाहानाका आधारमा व्यावसायिक सीप मार्फत उद्धमी बनाईने छ ।
- एक युवा एक रोजगारको नीतिलाई प्राथमिकताको आधारमा कार्यान्वयनमा लगिने छ ।

**ज) सामाजिक सुरक्षा**

- सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित रुपमा अगाडी बढाइने छ ।
- अशक्त नागरिकहरुलाई घरमै सामाजिक सुरक्षा भता उपलब्ध गराइने व्यवस्था गरिने छ ।
- दलित तथा सीमान्तकृत वर्गको उत्थानको लागि विशेष व्यवस्था गरिने छ ।
- महिला हिसा घरेलु हिसा छाउपडी प्रथा लगायतका सामाजिक कुसस्कारहरुको निराकरण गर्न सामाजिक सचेततामा वृध्दि गरिनेछ ।
- अपाग दलित असहायहरुको सामाजिक सुरक्षाको सुनिश्चितता गरिने छ ।
- ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान सीप दक्षता र अनुभवहरुलाई सम्वृदध् गाउँपालिकाको स्थापनामा समाहित गरिने छ ।
- परिवार भित्रै ज्येष्ठ नागरिक र अशक्त र अपाग नागरिकहरुको सुरक्षाको प्रत्याभुतीको वातावरण अर्थात जिम्मेवार बनाइने छ ।
- पछिल्लो चरणमा सामाजिक सुरक्षा भत्ता वैंकिङ कारोबार मार्फत अनिवार्य गरेको भएता पनि भत्ता वितरण कार्यलाई घर घरमा गर्न पहल गरिने छ ।

**झ)वालवालिका**

- गाउँपालीका भित्रका हरेक वालवालिकाहरुलाई शिक्षाको पहुचमा पुर्याइने छ ।
- सवै प्रकारका वालश्रमहरुको निराकरण गरिने छ ।
- गुणस्तरीय खाद्य र पोषणमा पहुच स्थापना गरिने छ ।t
- गाउँपालिकामा निर्माण हुने सरचनाहरु वालमैत्री बनाउन पहल गरिने छ ।

**ञ)सुचना तथा सञ्चार**

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA

- गाउँपालिका भित्रका सवै वडा र वस्तीहरुमा टेलिफोन र इन्टरनेटको प्रवन्ध गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- सवै सार्वजनिक निकायहरुमा सार्वजनिक सेवा वडापत्रको व्यवस्था गरी सार्वजनिक सेवाको अग्रीम जानकारी प्रदान गरिने छ ।
- कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरुमा अनलाइन प्रणालीको प्रयोग मार्फत सेवा प्रवाहमा गुणस्तरीयता र विश्वसनीयतामा जोड दिइने छ ।
- गाउँपालिकामा भएका सम्पुर्ण कार्यहरु वेभसाइट बाट सार्वजनिकीकरण गरिने छ ।

**ट) सुरक्षा व्यवस्था**

- गाउँपालिका भित्र प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न सुरक्षा निकायसँग समन्वय गरिने छ ।
- दौलीचौर प्रहरी चौकीको आफ्नै भवन निर्माणको लागि प्रक्रिया अगाडी बढाइने छ ।
- सामान्य प्रकृतिका विवाद मध्यस्ततको माध्यामबाट निवारण गरि समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गरिने छ ।

**ठ) सुशासन र सेवा प्रवाह**

- सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीयता मितव्ययीता र पारदर्शिता प्रवर्दन गरिने छ ।
- गाउँपालिकामा शुन्य भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ ।
- कर्मचारीहरुमा दक्षता र व्यावसायीकताको विकास गर्न तालिम र प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।
- सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीहरुलाई कुनै प्रकारको विभेद नगरी उच्च प्राथमिकता दिई सेवा प्रवाहमामा गुणस्तरीयता कायम गरिने छ ।
- कार्यालयबाट प्रवाह गर्ने सेवाको प्रभावकारीता गुणात्मकता गुनासो व्यवस्थापन सार्वजनिक सुनुवाई सामाजिक परीक्षण नागरिक वडापत्र सुचनाको हकको पत्याभुति भ्रष्टाचार नियन्त्रण लगायत कार्यहरु मार्फत सुशासन अभिवृदि गरिने छ ।
- संविधानप्रदत्त मौलिक हक र स्वतन्त्रताको पुर्ण उपभोगको प्रत्याभुती गरिने छ ।
- सामाजिक जीवनका सबै क्षेत्रम लोकतान्त्रिक प्रणालीको प्रवर्दन गरिने छ ।

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA

सुर्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दौलिचौर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

- समय अवधिमा एकरुपता कायम गर्न पालिका भरिका सम्पुर्ण कार्यालय र विद्यालयमा समेत विद्‌धुतिय ल्याप्चे हाजिरि मेशिन जडान गरिने छ ।

### ङ) पुर्वाधार विकास

- गाउँपालिका भित्र सञ्चालित सवै ग्रामीण सडकहरुलाइ बाह्रै मास सञ्चालनमा ल्याउन पहल गरिने छ ।
- सडक पहुच हुन नसकेका वस्तीहरुमा तत्कालै सडक सञचालन गरिने व्यवस्था गरिने छ ।
- सडक छेउछाउमा वृक्षारोपण कार्य गरी हरित सडकको विकास गरिने छ ।
- सुर्मासरोवर जोड्ने मुख्य सडकको पहिचान गरी यथासम्भव सडक पहुच स्थापना गरिने छ ।
- वर्षाको कारण क्षतिग्रस्त सडकहरुको पुनर्निर्माण गर्न सम्वन्धित सरोकारबाला निकायमा पहल गरिने छ ।
- वाढीको कारण क्षतिग्रस्त सिचाइ कुलाहरुको यथासक्य दिगो व्यवस्थापन गरिने छ
- गाउँपालिकाको प्रशासकीय भवन र वडा भवन निर्माणको कार्यलाई यथासक्य अगाडि बढाइने छ ।
- सहज यातायातको लागि जेउडे गाड लगायत अन्य आवश्यक ठाउँमा पुल निर्माण प्रक्रिया अगाडि बढाइने छ ।

### ढ) उर्जा सम्वन्धी नीति

- यसै आर्थिक वर्षभित्रमा गाउँपालिकाका ५ वटै वडाहरुमा राष्ट्रिय प्रसारण लाइन विस्तार गरिने छ ।
- गाउँपालिकाको हरेक वस्तीहरुमा विद्‌धुतको पहुच स्थापना गरिने छ ।
- वैकल्पिक उर्जा अन्तर्गत गोवरग्यास सुधारिएको चुल्हो सोलारवत्तीको प्रयोगमा जोड दिइने छ ।
- मुख्य वस्तीहरु डोगडी दौलीचौर थकुन्नाडा सैनगाउँमा सडक वत्तीको व्यवस्था गरिने छ ।
- क्रमागत रुपमा विद्‌धुतिय चुलो प्रयोगमा ल्याउन अनुदानमा सहयोग गर्ने नीति अवलम्वन गरिने छ ।
- वन जगंललाई क्षति हुनबाट जोगाउन कोइला उत्पादन ब्रिकेट्‌सको प्रयोगमाम जोड दिइने छ ।

MI NOTE 10 LITE
AI QUAD CAMERA

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

## ण) स्थानीय कर र खर्च व्यवस्थापन सम्बन्धी नीति

- भइ रहेका करका दरहरुलाई वैज्ञानिक र व्यवहारिक बनाउन तथा करको दायरा फराकिलो पार्ने दनीति अवलम्वन गरी आन्तरिक श्रोत बृदधी गरिने छ ।
- प्रचलित कानुन बमोजिम उठाउन पाउने सम्पती कर घरजग्गा बहाल कर व्यवसाय कर लगायत सम्पुर्ण कर शुल्क र दस्तुर सवै क्षेत्र समेटी घरदैलो कार्यक्रम सञ्चालन गरिने छ ।
- करको दायरामा आउने र नआउने समयमा कर तिर्ने र नतिर्ने वीच फरक अनुभुती दिन कर छुट दण्ड तथा पुरस्कार जस्ता कार्यक्रम ल्याइने छ ।
- गाउँपालिकालाइ तिर्नु बुझाउनु पर्ने सम्पुर्ण कर शुल्क बुझाइसकेपछि मात्र सेवाग्राहीलाई कार्यालयबाट प्रदान गर्ने सेवा प्रदान गरिने नीति अवलम्वन गरिने छ ।
- स्पष्ट नतिजा प्राप्तिको सुनिश्चितता नभएका र पर्याप्त तयारी नभएका आयोजना र कार्यक्रममा बजेट विनियोजन गरिने छैन । वितिय अनुशासनमा कडाई गरी वितीय जोखिम घटाइने छ ।
- योजना र आयोजनामा बजेट विनियोजनलाई यथार्थपरक बनाउन योजना छनौटकै चरणमा प्राविधिक लागत अनुमान तयार गर्ने कामको थालनी गरिने छ ।
- गाउँपालिकाले स्थानीय दररेट कायम गरी कार्यान्वयन गरिने छ ।

## त) वातावरण जलवायु परिवर्तन भुसंरक्षण र वनसम्वन्धी नीति

- वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनीकण गर्दै वन वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिने छ ।
- नदी नियन्त्रण र बन पैदावार नियन्त्रण वृक्षारोपण कार्यक्रम सन्चालन गरिने छ ।
- जलवायु परिवर्तनले विश्वलाइ नै चुनौती दिइरहेको वर्तमान अवस्थामा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिने छ ।
- यस क्षेत्रभित्र विद्धमान र आउन सक्ने प्रकोप तथा विपदहरुलाइ समेत ध्यानमा राखी जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरिने छ ।
- वर्षादको कारणले आउने बाढी पहिरो भुक्षयको सम्भावनाहरुलाई न्यनिकरण गर्न वृक्षारोपण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ सन्चालन गर्दै लगिने छ ।

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

- विभिन्न सामुदायिक बन क्षेत्रमा सम्बन्धित उपभोक्ताहरुको आय आर्जनको लागि आयमुलक कार्यक्रम जस्तै टिमुर खेति रिठ्ठा खेति विभिन्न जडीवुढि खेति प्रणालीलाई अघि बढाइने छ । साथै बढी मात्रामा टिमुर रिठा जडिवुढी खेती गर्ने कृषकहरुलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिने छ ।

**थ) विपद व्यवस्थापन सम्बन्धी नीति**

- विपद्बाट हुन सक्ने मानवीय र भौतिक क्षति न्युनीकरण तटबन्धन सुरक्षित वस्ती स्थानान्तरण पुर्वतयारी आवश्यक राहत र उद्धार सामग्रीहरुको व्यवस्था र सचेतना कार्यक्रम सन्चालन गरिने छ ।
- विपद् व्यवस्थापन बारे पुर्वसुचना प्रणाली प्रयोगमा ल्याइने छ ।
- गाउँपालिका स्तरीय विपद् प्रतिकार्य योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइने छ ।
- गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको नियमित वैठक वसी विपद व्यवस्थापन बारे उचित र आवश्यक निर्णय गरिने छ ।
- विपद व्यवस्थापन कोषमा आवश्यकता अनुसार रकम विनियोजन गरिने छ ।
- वर्षादको कारण खोला र गाडको वहाबवाट हुने क्षति न्युनीकरण गर्न नेटजाली तटवन्धन गरिने छ ।

**द) जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी नीति**

- कर्मचारीहरुको कार्य संस्कृतिमा आमुल परिवर्तन गर्ने समिति गठन गरी सुशासन कायम गरिने छ गाउँपालिकाबाट करारमा कार्यबोझको आधारमा, विज्ञ विषयगत प्राविधिक, चालक ,कार्यालय सहयोगी, माली, भान्से करार नियुक्ती गर्नुपर्ने भएमा मात्र प्रक्रिया पुर्याई भर्ना गरिने छ भने हालसम्म कार्यारत करार कर्मचारीहरुको दक्षता, लगनशीलता, कर्तव्यनिश्ठता ,इमान्दारिता समेतको आन्तरिक मुल्यांकन गरी करार म्याद थपिने छ । नत्र निजहरुलाई प्रक्रियाबाट हटाइने छ ।
- कर्मचारीहरुको कार्यक्षमता वृद्धि गर्न आवश्यकतामा आधारित तालिम प्रदान गर्ने प्रविधिमैत्री बनाउने तथा असललाई पुरस्कार र खरावलाई दण्ड गर्ने नीति अवलम्वन गरिने छ ।

**खड्क बहादुर बोहरा**
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA

• जनप्रतिनिधिहरुको कार्यप्रभावकारीतामा सुधार ल्याउन र क्षमता विकास गराउन विभिन्न तालिमहरुको आयोजना गरिने छ ।

### ध) न्याय सम्बन्धि नीति

• नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, न्यायका अन्य मान्यता बमोजिम न्यायिक समितीको कार्यलाइ अगाडी बढाइने छ ।

• सामान्य प्रकृतिका विवादहरु वैकल्पिक माध्यामबाट निरुपण गर्ने नीति अवलम्वन गरिने छ ।

• न्यायिक समितिको क्षमता बढाउन प्रशिक्षण र तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

गाउँसभा सदस्य ज्युहरु,

यो नीति तथा कार्यक्रम प्रस्ताव गर्दा विकासलाई दिगो समावेशी र सामाजिक न्यायमा आधारित बनाई सुशासन कायम गर्ने र समृद्ध गाउँपालिका र सुखी गाउँपालिकाबासीको दीर्घकालीन उदेश्य प्राप्त गर्ने अठोटलाई केन्द्रमा राखिएको छ । गाउँपालिकाको बजेट र अन्य क्षेत्रगत नीति तथा कार्यक्रम समेत यसै अनुकुल निर्माण भई यो नीतिको कार्यान्वयन हुने कुरामा म विश्वस्त छु ।

अन्तमा नीति तर्जमा र लेखनमा मलाई सल्लाह र सुझाव दिने र सहयोग गर्ने सम्पुर्ण पदाधिकारी राजनितिक दल राष्ट्रसेवक कर्मचारी नागरिक समाज सवैमा धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।।

मितिः२०७९/०३/१०

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

रमला कुमारी मण्डेल पुजारा

गापा उपाध्यक्ष

अनुसुची १

आ. व. २०७९/०८० को अनुमानित आय व्ययको विवरण (रु. हजारमा)

| शीर्षक | | आ.व.२०७९/८० को अनुमान |
| --- | --- | --- |
| आयः | | |
| क | राजस्वः | १५०० (पन्ध्र लाख ) |
| | आन्तरिक राजस्व | ७२०२१ (सात करोड बिस लाख एक्काइएस हजार) |
| | राजस्व बाँडफाँडबाटप्राप्त रकम | ७१२०० |
| | नेपाल सरकारबाट प्राप्त | ८२१ |
| | प्रदेश सरकारबाट प्राप्त | ८७६७६ (आठ करोड छ्याहत्तर लाख छ्याहत्तर हजार) |
| ख | वित्तीयसमानिकरण अनुदान | ८२३०० |
| | नेपाल सरकारबाटप्राप्त | ५३७६ |
| | प्रदेश सरकारबाटप्राप्त | ८००० (असी लाख) |
| ग | समपुरक अनुदान | ८००० |
| | नेपाल सरकारबाट अपेक्षित | |
| | प्रदेश सरकारबाट अपेक्षित | ५००० (पचास लाख) |
| घ | विशेष अनुदान | ५००० |
| | नेपाल सरकारबाट अपेक्षित | |
| | प्रदेश सरकारबाट अपेक्षित | |
| ङ | अन्य सरकारी वित्तीय हस्तान्तरण | |
| | शसर्त अनुदान | ८६१०३ ( आठ करोड एकसट्ठी लाख तीन हजार) |
| | नेपाल सरकारबाट | ८६१०३ |
| | प्रदेश सरकारबाट | |
| अन्य | | |
| अ | बहुक्षेत्रिय पोषण कार्यक्रम | |
| आ | सामजिक सुरक्षा खर्च | |
| इ | प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| ई | पन्जिकरण शाखा | |
| कुल आय | | रु २,६०,३०० (अक्षरुपी छब्बीस करोड तीन लाख मात्र) |

खडक बहादुर बोहरा
गा.पा.अध्यक्ष

MI NOTE 10 LITE
AI QUAD CAMERA